सॉफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फोन :०९७-६२५१३७
प्र.प्र.अ.: ९८५२६३६५३४
सू.अ. :९८५८४८४३०२

पत्र सङ्ख्या : २०८३/०८४
चलानी नं. : ३२६

सॉफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँफेबगर, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

साँफेबगर, अछाम
सुदूरपश्चिम, प्रदेश, नेपाल

मितिः वि.सं.: २०८३/०६/१६
ने.सं. ११४६,यंलागाः, ०६ शुक्रबार

विषय :- विवरण उपलव्ध गराउने सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै,
साँफेबगर नगरपालिका, अछाम ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय एकाइ मंगलसेन, अछामको च.नं.३९५ मिति २०८३/०६/१४ गतेको पत्र र शिक्षा बिभाग (शासकीय सुधार अनुगमन तथा अनुसन्धान शाखा) सानोठिमी, भक्तपुरको च.नं. २४२ मिति २०८३/०६/१३ गतेको पत्रको बेहोरा अवगत गराउदै सोही पत्रको निर्देशन अनुसार संलग्न ढाँचा बमोजिमको फारम भरी फारममा रहेको क्युआर (QR) कोड मार्फत Online Form प्रयोग गरी आजै कार्यालय समयभित्र आवश्यक विवरण उपलव्ध गराइ दिनुहुन अनुरोध छ ।

..........................
(अर्जुन सेन ओली)
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय एकाइ मंगलसेन, अछाम ( जानकारी सम्बन्धमा ) ।

श्री सूचना प्रविधि शाखा साँफेबगर नगरपालिका, अछाम (सूचना सम्प्रेषण गरी दिनुहुन ) ।



CamScanner

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग

# शिक्षा विकास तथा समन्वय एकाइ

मंगलसेन, अछाम

प.स. २०८३/०८४
च.नं. ३९५

मिति: २०८३।०६।१४
ने सं ११४६ अलागा ४ बुधवार

विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री सम्पूर्ण स्थानीय तह अछाम ।

प्रस्तुत विषयमा शिक्षा विभाग ( शासकीय सुधार अनुगमन तथा अनुसन्धान शाखा ) सानोठिमी भक्तपुरको च नं २४२ मिति २०८३।०६।१३ को प्राप्त पत्र यसै साथ संलग्न छ व्यहोरा सोहि बाट अवगत गर्नु भई यसै साथ संलग्न पत्र वमोजिमको ढाँचाको फारममा भएको विवरण र सो संगै रहेको क्युआर कोडमा सम्वन्धित वद्यालयबाट Online Form भर्न लगाई ३ दिन भित्र विवरण उपलब्ध गराईदिन हुन अनुरो छ ।

2083/6/14
अम्वीदत्त जोशी
एकाइ प्रमुख

बोधार्थः
श्री शिक्षा विभाग
( शासकीय सुधार अनुगमन तथा अनुसन्धान शाखा )
सानोठिमी भक्तपुर ।

श्री शिक्षा

साँफेबगर नगरपालिका
साँफेबगर, अछाम
दर्ता नं.: ४८३
दर्ता मिति: 2083/06/16

Website: achham.edcu.gov.np ,Email : deoachham158@gmail.comसम्पर्क नं.:०९७-६२०१५८

CS CamScanner

नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा विभाग

सानोठिमी, भक्तपुर

(शासकीय सुधार, अनुगमन तथा अनुसन्धान शाखा)

पत्र सङ्ख्या: २०८३/८४ (शा.अ.अ.)
च.न.: २४२

मिति: २०८३।०६।१३

**विषय: विवरण उपलब्ध गराउने सम्बन्धमा।**

श्री शिक्षा विकास तथा समन्वय एकाइ,
सवै।

प्रस्तुत विषयमा शिक्षा नियमावली,२०५९(संशोधनसहित) को परिच्छेद-१७,नियम ९३ को प्रधानाध्यापक सम्बन्धी व्यवस्था भए बमोजिम कार्यान्वयन गर्न/गराउन यस विभाग (साविक शिक्षा तथा मानव स्रोत विकास केन्द्र) को प.स.०८२/८३,शा.सु., च.न.२, मिति २०८२।०४।०७ को पत्रबाट शिक्षा विकास तथा समन्वय एकाइ, सबैमा परिपत्र गरिएको बेहोरा अवगत नै होला।
उक्त विषयमा हाल राष्ट्रिय सतर्कता केन्द्र, सूचना सङ्कलन तथा अन्वेषण शाखा, सिंहदरबार, काठमाडौंको प.स.०८३/८४, च.न.सूच.१५/५९६, मिति २०८३।०५।२९ को यसैसाथ संलग्न पत्रमार्फत देशभर प्रायः स्थानीय तह अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक नियुक्तिको व्यवस्था कार्यान्वयन नगरेको/ परिपत्र कार्यान्वयन नभएको भनी लेखी आएकाले यसमा के-कसो भएको छ? सो सम्बन्धमा त्यस जिल्ला अन्तर्गतका प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक नियुक्ति भए नभएको बेहोरा खुल्ने गरी संलग्न ढाँचाको फाराम र Online Form भर्नका लागि क्यूआर कोडमार्फत सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विवरण ७(सात) दिनभित्र यस विभागमा उपलब्ध गराइदिनु हुन निर्णयानुसार अनुरोध छ।

२०८३/०६/१३

(डा. श्याम प्रसाद आचार्य)
निर्देशक

<u>बोधार्थः-</u>
श्री राष्ट्रिय सतर्कता केन्द्र,
सूचना सङ्कलन तथा अन्वेषण शाखा, सिंहदरबार, काठमाडौं।

श्री स्थानीय तह, सबै।

CamScanner

विवरणको लागि तपसिल बमोजिमको ढाँचा:-

| सि.न. | जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | EMIS नम्बर | विद्यालय सञ्चालन भएको उच्चतम तह | प्रधानाध्यापक को नाम | प्र.अ.को नियुक्ति भएको उच्चतम तह/स्तर(मा.वि /आधारभूत) | प्र.अ.नियुक्तिको प्रकार | विद्यालयको उच्चतम स्तरमा नियुक्त भएका शिक्षकको सङ्ख्या (स्थायी,अस्थायी /करार सबै) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

Online Form भर्नाको लागि QR Code (क्युआर कोड) :-